बसोबास सम्बन्धी परामर्श होमपेज

<नेपाली भाषा>

कोठा खोज्ने क्रममा समस्यामा पर्नु भएको छ ?

बसोबास सम्बन्धी परामर्श काउन्टरमा कोठा (घर) सम्बन्धी जानकारी प्रदान गरिन्छ ।अन्य सहयोगीसंगको सहकार्यमा कोठा खोज्ने कार्यमा सपोर्ट गर्छौं ।

कावासाकि सिटी र कावासाकि आवास आपुर्ति निगमको काउन्टर हो । ढुक्क हुनुहोस ।

जस्तै,

रियल स्टेट (फुदोसान) मा गएपनि कोठा (घर) पाईएन

↓

निजी अपार्टमेन्ट आदिको जानकारी दिईने छ

.........फुदोसानमा बस्न चाहेको कोठा (घर) खोज्न सकिन्छ ।

कोठा (घर) भाडामा लिन चाहनुहुन्छ तर ग्यारेन्टर पाउनु भएन

↓

ग्यारेन्टर पाउनु भएन भने, घरभाडा लोन ग्यारेन्टी वा कावासाकि सिटी बसोबास सहयोग प्रणालीको बारेमा जानकारी दिनेछौं ।

ग्यारेन्टी कम्पनीको ग्यारेन्टी प्रयोग गरौं

त्यस बाहेक कोठा (घर) खोज्नको लागि सहयोग आवश्यक परेमा,
सहयोग गर्न सक्ने संस्था परिचय गराइन्छ ।

जापानी भाषा बुझ्ने ब्यक्तिसंग परामर्शमा आउनुहोस ।
कावासाकि सिटी बसोबास आपुर्ति निगम, बसोबास परामर्श काउन्टर
कावासाकि-सि, कावासाकि-कु, इसागो १-२-४ कावासाकि सिटी बसोबास आपुर्ति निगम दोश्रो तल्ला
फ़ोन नं: ०४४-२४४-७५९०
फ़्याक्स नं: ०४४-२४४-७५०९
दर्ता गर्ने दिन र समय
सोमबार～शुक्रबार (बर्षान्त, शनिबार, आइतबार, सार्बजनिक बिदाको दिन बाहेक)
बिहान ८:३०～१२:००, १३:००～१७:००

जापानी भाषा बाहेकको भाषामा परामर्श लिन चाहेमा जानकारी गराउनुहोस् ।
(परामर्श लिन सकिने भाषाहरु बार र समय अनुसार फ़रक पर्ने हुनाले बिस्तृत बिवरणको लागि होमपेजमा हेर्नुहोस)
कानागावा बिदेशी बसोबास सहयोग केन्द्र
योकोहामा-सी, नाका-कु, ज्योबान्-च्यो १-७, योकोहामा YMCA दोश्रो तल्ला
फ़ोन नं: ०४५-२२८-१७५२
फ़्याक्स नं: ०४५-२२८-१७६८
दर्ता गर्ने दिन र समय
सोमबार～शुक्रबार (बर्षान्त, शनिबार, आइतबार, सार्बजनिक बिदाको दिन बाहेक)
१०:००～१७:००
होमपेस: http://sumasen.com/

कावासाकि सिटीमा कावासाकि सिटीको आधरभूत नियमावली अनुसार बृद्ध, अपांग तथा बिदेशीहरुको लागि कोठा खोज्ने कार्यमा सहयोग गरिन्छ ।
साथै, कोठा खोज्ने क्रममा भेदभाव गरेको महसुस भएमा हामीलाई सम्पर्क गर्नुहोस् ।
(जापानी भाषा बाहेकमा सम्पर्क गर्नु परेमा कानागावा बिदेशी बसोबास सहयोग केन्द्रमा जानकारी गर्नुहोस)
कावासाकि सिटी सहर बिकास बिभाग बसोबास नीति तथा ब्यवस्थापन शाखा
फ़ोन नं: ०४४-२००-२९९७
फ़्याक्स नं: ०४४-२००-३९७०
ई-मेल: 50zyusei@city.kawasaki.jp